# दशरथचन्द नगरपालिकाको कार्यालय

## नगर शिक्षा विधेयकको मस्यौदा

२०७९

पुष्कर राज जोशी
नगर प्रमुख

प्रस्तावना

राष्ट्रिय विकासका लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न दशरथचन्द नगरपालिका भित्र विद्यालय स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१), स्थानीय सरकारसञ्चालन ऐन २०७४ को दफा १०२ तथा सुदूरपश्चिम प्रदेशका स्थानीय कानून निर्माण प्रकिया ऐन २०७५ बमोजिम दशरथचन्द नगरसभाले नगर शिक्षा बिधेयकको मस्यौदा पास गरि यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

(क) यस ऐनको नाम **"दशरथचन्द नगर शिक्षा ऐन २०७९"** रहेको छ।

(ख) यो ऐन राजपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा दशरथचन्द नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(ङ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(च) "तालिम केन्द्र"भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिका मा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिका सम्झनुपर्छ।

(झ) "नगर सभा" भन्नाले दशरथचन्द नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ञ) "नियुक्ति गर्ने अधिकारी" भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ती गर्न तोकिएको अधिकारी सम्झनुपर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ठ) "प्रादेशिक शिक्षा ऐन" भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ।

(ड) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ढ)"प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(ण) "पुस्तकालय" भन्नाले नेपाल सरकार/नगरपालिकाबाट अनुमति लिई संचालन भएको बिभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गन उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ।

(त) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।



पुष्कर राज जोशी
नगर प्रमुख

पुष्कर राज जोशी
नगर प्रमुख

(थ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(द) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा,अटिज्म बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारिरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(ध) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(न) "शिक्षा शाखा" भन्नाले दशरथचन्द नगरपालिकाको शिक्षा शाखा संझनु पर्दछ।

(प) "शिक्षा अधिकृत" भन्नाले दशरथचन्द नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई संझनु पर्दछ।

(फ) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ।

(ब) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(भ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ:-

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(म) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको दशरथचन्द नगरपालिकाबाट स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(य) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार,प्रदेश र स्थानिय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(र) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ल) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्झनु पर्छ।

(व) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोवास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(स) "संघिय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ।

(ष) "समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने:-**

(१) नगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको निर्णयका आधारमा तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र



CamScanner

जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको निर्णयकोआधारमा अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफनो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि नगरपालिकाले अनुमतिका लगि मनासिव देखेमा अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ । यस प्रकारको विद्यालयलाई पनि यस दफाको १ र २ अनिवार्य हुनेछ ।

११) प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(१२) विद्यालय सञ्चालन तोकिए बमोजम हुनेछ ।

**४ परीक्षा सञ्चालन र समन्वय:-**

नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन, व्यवस्थापन र अनगमन गर्न तोकिए बमोजिमको परीक्षा समिति रहने छ । परीक्षा समितिको काम, कर्तव्य रअधिकार तोकिए बमोजिम हुनेछ ।

**५. माध्यमिक शिक्षाको प्रकार:-**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा,अभिभावक शिक्षा निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था:- :**

नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, अभिभावक निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. शिक्षाको माध्यमः-**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**७.१ संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-**

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर प्रमुखबाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट समितिले मनोनित गरेका एक जना महिला -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना -सदस्य

(ङ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना -सदस्य

(च) निरीक्षक वा निरीक्षकको काम गर्न तोकिएको व्यक्ति -सदस्य

(छ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना प्रतिनिधि -सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) सम्बन्धित वडाका वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य आमन्त्रित गर्नुपर्नेछ ।

(८) यस दफा बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु गर्नु पर्नेछ । पाठ्यपुस्तक चाही तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

१) संस्थागत विद्यालयको हकमा पाठ्यक्रम विकास केन्द्रबाट अनुमोदित भएका पाठ्यपुस्तकहरुविद्यालयले चयन गर्न सक्नेछ । पाठ्यपुस्तक प्रत्येक शैक्षिक सत्रमा परिवर्तन गर्न पाईने छैन ।

**९. नगर शिक्षा समितिः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाको उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

पुष्कर राज जोशी
नगर प्रमुख

पुष्कर राज जोशी
नगर प्रमुख

(घ) नगरपालिकाले तोकेको नगरसभाका सदस्यहरूमध्येबाट कम्तिमा एकजना दलित महिला सहित दुई जना -सदस्य

(ङ) विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट सामुदायिक र संस्थागत विद्यालयवाट एक/एक जना पर्ने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना -सदस्य

(च) समाजसेवी वा शिक्षा विदहरूमध्येबाट नगरशिक्षा समितिले मनोनित गरेका कम्तीमा दुईजना -सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक विद्यालयका शिक्षकहरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको सामुदायिक विद्यालयवाट एक जना महिलापर्ने गरी दुई जना -सदस्य

(ज) नगरस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधी १ जना सदस्य - - सदस्य

(झ) नगरपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - सदस्य

(ञ) शिक्षा क्षेत्रमा अनुभव प्राप्त निवृत विश्व विद्यालय शिक्षा सेवा एवं सामुदायिक विद्यालयका शिक्षक कर्मचारी मध्येबाट एक जना -सदस्य

(ट) शिक्षा अधिकृत वा तोकेको व्यक्ति -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिव माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन ।

**१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने ।

(ग) तोकिएको मापदण्ड पुरा भएका विद्यालय सार्ने, गाभ्ने कार्यका लागि नगरकार्यपालिकालाई शिफारिस गर्ने,

(घ) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(च) विधालय व्यवस्थापन समितिबाट सिफारिस भई आएका तीन जना सूचीकृत लेखा परिक्षकहरु मध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, र सचेत गराउने

(ज)शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) शैक्षिक संस्थासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन, दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ढ) अस्थायी करार शिक्षकहरूको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने,

(ण) नगरपालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति

प्रदान गर्ने,

(त) नगर क्षेत्रभित्र अनुमति प्राप्त गरी संचालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण,नियमन गर्ने । अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेको सुनिश्चित गरी अनुमति प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमती, अनुगमन, मूल्याङ्न र नियमन सम्वन्धी कार्य गर्ने गराउने,

(द) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने,

(ध) वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी लागु गराइनेछ ।

(न) विद्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्था गर्न सक्नेछ ।

(प) तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने ।

**१०.१ सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:-**

**सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षकलाई हाजीरि गराई काममा लगाउने,

(ज) नगरपालिकाले तोकेको रजिष्टर्ड लेखापरीक्षकवाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(ञ) तोकिए वमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ट) नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती गरेका शिक्षकको लागि सेवा,शर्त र सुविधा तोक्ने ।

(ड) विद्यालयले गरेका वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने ।

(ढ) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासका लागि विद्यालय सुधार योजना बनाई पेश गर्ने ।

(ण) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

**१०.२ संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार, नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ तथा सामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुने योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक/कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

(ट) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ठ) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

१०.३ विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिमहुनेछ ।

१०.४ सरकारी विद्यालय व्यवस्थापन समितिको गठन, काम कतर्व्य अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकारः-** नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः-** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. नगर शिक्षा अधिकृतः-** नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. सामुदायिक सिकाई केन्द्रः-** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१५. अध्यापन अनुमतिपत्रः-** विद्यालयमा नियुक्त हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएका व्यक्ति मात्र शिक्षक पदमा उम्मेदवार हुन योग्य हुनेछन् ।

**१६. छात्रवृत्तिको व्यवस्थाः-** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१७.. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्थाः-** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदानः-** नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ ।

**१९.. विद्यालय व्यवस्थापन समितिः-**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) समितिका सदस्यहरुले आफूहरूमध्येबाट छानेको एक जना पदाधिकारी -अध्यक्ष

(ख) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला र एक जना दलित सहित चारजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(ङ) विद्यालयका शिक्षक/कर्मचारीले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

-सदस्य सचिव

(च) विद्यालयको प्रधानाध्यापक

(२) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेका एक जना बालक्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरभित्रका उद्योग तथावाणिज्य संघका दुई जना प्रतिनिधी सदस्य रहनेछ ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(५) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा तोकिए बमोजिम तदर्थ व्यवस्थापन समिति गठन हुनेछ

(६) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२. प्रत्येक सामुदायिक विद्यालयमा एक शिक्षक अविभावक संघको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:-**

(क) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति मार्फत् नगर शिक्षा समितिमा पेश भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदत उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत ताकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगर कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले तर्दथ विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२१. वडा शिक्षा समितिः-**

(१) नगरका वडाभित्रका विद्यालयहरुको रेखदेख, संरक्षण, संवर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) नगरपालिकाका सम्बन्धित वडाका वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एक जना महिला सदस्य -सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयको शिक्षकहरूमध्येबाट एक जना महिला सहित वडा समितिबाट छनौट भएका दुई जना -सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालय दुवैबाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा समितिले तोकेको दुई जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२२. नगरपालिका शिक्षा विकास कोषः-**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरस्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

**२३. कोष सञ्चालक समितिः-**

(क) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ग) कोषको सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ ।

**२४. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ:-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,
(ख) नगरपालिकका शिक्षा कोषबाट प्राप्त अनुदान,
(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२५. नगरपालिकाले निर्देशन दिन सक्नेः-**

(क) नगरपालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२६. नगर कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः-**

नगर कार्यपालिकाले स्वीकृत मापदण्डको आधारमा हाल सञ्चालन रहेका कुनै विद्यालयलाई विद्यार्थी संख्या,सेवा क्षेत्रको जनसंख्या, संवन्धित विद्यालयहरुको सहमति र स्वीकृतिको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको संचालन अनुमति रद्ध गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

**२७. विद्यालयको सम्पत्तिः-**

(क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगर शिक्षा समितिको निर्णयअनुसार व्यवस्थापन हुनेछ ।

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन ।

(ग) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(घ) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिको अनुमति लिनु पर्नेछ । तर बिदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ङ) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति सम्बन्धित तहको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।



CamScanner

**२८. विद्यालयलाई छुट र सुविधा:-**

(क) प्रचलित कानुनमा, जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सहकारी तथा शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(ख) उपदफा (क) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले/नगरपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(ग) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर वृद्धि गर्ने र विद्यालय स्रोतबाट तलब, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक/कर्मचारीको [illegible] खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेका आयआर्जन हुने सम्पत्तिहरुको बिक्री कर
र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ । तर यस्ता कार्य गर्दा नगरपालिकाबाट स्वीकृती लिनुपर्नेछ ।

(घ) सामुदायिक विद्यालयहरुले भवन निमार्ण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरी भवन निर्माण अनुमती प्राप्त गर्नु पर्नेछ यसरी नक्सा पास गर्दा लाग्ने नक्सापास दस्तुर छुट हुनेछ ।

(ङ) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम् हुनेछ ।

च ) संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको न्यूनतम सेवा सुविधा र शर्तनामा तोकिए बमोजिम हुनेछ ।

**२९. अनुमति वा स्वीकृति रद्द गर्ने:-**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्दगर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३०. विद्यालयको वर्गीकरण:-** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३१. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने:-**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३२. शुल्कसम्बन्धी व्यवस्था:-**

(क) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले बिद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ ।

(ग) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(घ) उपदफा (क) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(ङ) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(च) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(छ) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण बिधि तोकिए बमोजिम हुनेछ ।

(ज) सहकारी विद्यालयले बिद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण बिधि तोकिए बमोजिम हुनेछ ।

(झ) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।



पुष्कर राज जोशी
प्रमुख

३३. **शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्था:**

सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिमको साझा संगठनको रुपमा एक शिक्षक महासंघ रहनेछ।

३४. **शिक्षक तथा कर्मचारीको पदीय आचारणसम्बन्धी व्यवस्था:**

(१) शिक्षक वा कर्मचारीलाई देहायको अवस्थामा तोकिएको अवस्था पुरा गरि नियुक्ति गर्ने अधिकृतले हटाउन वा हटाउनका लागि सिफारिस गर्न सक्नेछ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक/मदिराजन्य पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवन गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) भ्रष्टचारजन्य अपराध गरेको प्रमाणित भएमा।

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यवसायिक हक हितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा वा निजी व्यावसायमा कार्यालयको समयमा संलग्न भएमा।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त भएमा तोकिएको अधिकारीले निजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ।

३५. **स्थायी आवासीय अनुमति लिन नहुने:-**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

३६. **शैक्षिक योग्यता:-**

विद्यालयको शिक्षकको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३७. **शिक्षक विद्यार्थीको अनुपात:-**

नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम हुनेछ।

३८. **शिक्षकलाई अन्य काममा लगाउन नहुने:-**

(क) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

३९. **शिक्षकको नियुक्ति र सरूवा:-**

(क) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ। स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

(ख) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाइ नगरपालिका भित्रका कार्यरत् विद्यालयको व्यवस्थापन समिति र सरूवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिस र सम्बन्धित वडा शिक्षा समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाई रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ।

(ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर शिक्षा समितिले आवश्यक सम्झेमा नगरक्षेत्र भित्रका विद्यालयका स्थायी शिक्षक तथा कर्मचारीलाई सरुवा गर्न सक्नेछ।

(घ) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई नगरपालिकाभित्रका कार्यरत् विद्यालयको



पुष्कर सुज जोशी
नगर प्रमुख

शैलेश्वरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय गढी, रुलंगा, बैतडी

व्यवस्थापन समितिको सिफारिस र सम्बन्धित वडा शिक्षा समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगरपालिकाले अर्को स्थानीय तहमा सरूवाको लागि सहमति दिन सक्नेछ ।

(ङ) राहत दरबन्दीमा कार्यरत शिक्षकको दोहोरो पारस्परिक सरुवाका लागि निवेदन पेश भएमा अन्तर स्थानिय निकायमा सरुवाका लागि सहमति दिन र अन्य निकायबाट सहमति प्राप्त भएमा सरुवा गर्न सक्ने छ ।

**४०. दरवन्दी मिलानः-**

तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सकोछन् ।

**४१. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः-**

(क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, शिक्षा हेर्ने अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(ग) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(घ) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः--**

दफा ४२ मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन ।

**४३. प्रधानाध्यापक तथा शिक्षक, कर्मचारीसम्बन्धी व्यवस्थाः**

(क) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(ख) उपदफा (क) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

ग ) संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको न्यूनतम सेवा सूविधा र शर्तनामा तोकिए बमोजिम हुनेछ ।

**४४. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः-**

(क) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(ख) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः-**

(क) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(ख) उपदफा (क) बमोजिम शैक्षिक कार्यक्रम, ट्यूशन सेन्टर, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ग) माथी उल्लेखित शैक्षिक संघ संस्थाहरुले अनुमति लिई सके पछि प्रत्येक बर्ष लेखा परिक्षण, प्रगति प्रतिवेदन पेश गरी बर्षेनि नविकरण गर्नु पर्ने छ ।

**४६. प्रगति विवरण बुझाउनु पर्ने :-**

विद्यालयले प्रत्येक वार्षिक तथा त्रैमाशिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।



पुष्कर राज जोशी
नगर प्रमुख

**४७. पुरस्कार तथा दण्ड सजायः-**

**(क) पुरस्कारः**

(१) नगरपालिकाले प्रत्येक वर्ष नगरभित्रका उत्कृष्ट विद्यालय, विद्यार्थी, शिक्षक, कर्मचारी र समितिलाई सम्मान र पुरस्कार दिन सक्नेछ ।

**(ख) दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले बिगो असूल गरी बिगो बमोजिम जरिबाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रू. एकलाख रूपैयाँ सम्म जरिबाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानुन विपरीतको अन्य कार्य गरेमा,

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

**४८. अनुदानको व्यवस्थाः-**

(क) विद्यार्थी संख्या र विषयगत आधारमा मन्त्रालयले तय गरेको शिक्षक दरबन्दी नपाएका सामुदायिक विद्यालयहरु पहिचान गरी दरबन्दी प्राप्त नहुदा सम्म तोकीए बमोजिमको अनुदान दिन सकिनेछ ।

(ख) नगरपालिकाले तोकिएका कार्यक्रमहरु सञ्चालन गरेमा वा गरीरहेका सामुदायिक विद्यालयहरुलाई अनुदान दिन सकिनेछ ।

**४९. नियम बनाउने अधिकारः-**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमावली/कार्यविधि बनाउन सक्नेछ ।

**५०.** यस नगर शिक्षा ऐन एवं सो लाई कार्यान्वयन गर्न बनेको कार्य विधि अन्तर्गत नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५१. बाधा अडकाउ फुकाउने अधिकारः**

(क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा स्थानीय राजपत्रमा सूचना प्रकाति गरी नगरकार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

**५२. बचाउँ र लागू नहुनेः**

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।



पुष्कर राज जोशी
नगर प्रमुख